रुन्टीगढी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

होलेरी, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

# रुन्टिगढी गाउँपालिकामा करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धी कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।०१।१२

तयार पर्ने

रुन्टीगढी गाउँपालिका

झेनाम (होलेरी) , रोल्पा



Scanned with CamScanner

## रुन्टिगढी गाउँपालिकामा करारमा कर्मचारी भर्ना गर्ने सम्बन्धी कार्यविधि, २०७९

गाउँपालिकाबाट स्वीकृत मितिः २०८०।०१।१२

न्टिगढी गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र भावकारी बनाउन यस गाउँपालिकाको लागि नेपाल सरकार र स्थानीय तह स्वयंले स्वीकृत गरेको रवन्दि तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) ले गरेको व्यवस्थाको धिनमा रहि प्राविधिक तथा अन्य कार्यक्रममा आधारित कर्मचारीहरुको रिक्त पदमा करार सम्झौताका ाधारमा सेवा करारमा लिनेकार्यलाई व्यवस्थित गर्नका लागि रुन्टिगढि गाँउ कार्यपालिकाले मिति ०८०/०१/१२ मा यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

### परीच्छेद- १
### प्रारारम्भिक

. संक्षिप्त नाम र प्रारम्भः

ा) यस कार्यविधिको नाम "रुन्टिगढी गाउँपालिकामा करारमाकर्मचारीभर्ना गर्ने सम्वन्धी कार्यविधि, ०७९" रहेको छ ।

३) यो कार्यविधि कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

. परिभाषाःविषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(ख) "ऐन" भन्नाले "स्थानीय सरकार सञ्चालन ऐन, २०७४" सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले "रुन्टिगढी गाउँपालिकामा करारमा कर्मचारी भर्ना गर्ने सम्वन्धीकार्यविधि, २०७९" सम्झनुपर्दछ ।

(घ) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ङ) "कर्मचारी" भन्नाले दफा ३(१) बमोजिमसेवाउपलब्धगराउनेगरीव्यवस्था भएका कर्मचारी सम्झनुपर्दछ ।

(च) "समिति" भन्नाले दफा ५ बमोजिम गठित पदपूर्ति समिति सम्झनु पर्दछ ।



Scanned with CamScanner

## परीच्छेद- २
## परीक्षा संचालन र शिफारिस

.करारमा भर्ना गर्न सक्ने कर्मचारीः (१) कार्यालयले देहायको सेवासँग सम्वन्धित विधिकलगायतका आवश्यक कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकी करारमा राख्न सक्नेछः

(क) इन्जिनियरिङ्ग सेवासँग सम्वन्धित

(ख) कृषि सेवासँग सम्वन्धित

(ग) पशु सेवासँग सम्वन्धित

(घ) वन सेवासँग सम्वन्धित

(ङ) स्वास्थ्य सेवासँग सम्वन्धित

(छ) अन्यकुनैप्राविधिकसेवासँगसम्वन्धित।

(ज) स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८३(८) को प्रावधानसंग सम्वन्धित कर्मचारी

(झ) अन्य कार्यक्रमसंग सम्वन्धित कर्मचारी

छनौट सम्वन्धी व्यवस्थाः दफा ३ बमोजिमका कर्मचारी कार्यालयले करारमा भर्ना गर्ने ोजनको लागि सूचिकरण तथा छनौट सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

(१) पदपूर्तिको लागि विज्ञापन गर्दास्वीकृत दरबन्दी तथा कार्य विवरण बमोजिमपद वा सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकीअनुसूची -१ बमोजिमको ढाँचामा सूचना तयार पारी सम्वन्धितकार्यालयकोसूचनापाटी, वेभसाईटतथाअन्यकुनैसार्वजनिकस्थलमा कम्तीमा १५दिनको सूचना प्रकाशन गर्नुपर्नेछ।

(२) आवेदनफारामकोढाँचा लोक सेवा आयोगले तोके अनुसार नै हुनेछ ।

(३)आवेदन दस्तुर लोक सेवा आयोगवाट सम्वन्धित वा सो सरहको पदको लागि निर्धारण गरेको दस्तुर बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिमको विज्ञापन अनुसार श्रेणीविहिन वा उच्च प्राविधिक योग्यता आवश्यक पर्ने पदको लागि जम्मा १०० अंकलाई पूर्णाङ्क मानी त्यस मध्य ८० अंक भारलाई देहायको आधारमा समितिले मूल्याङ्कन गरी छोटो सूचिमा सुचिकृत गर्नुपर्नेछ :



Scanned with CamScanner

(क) शैक्षिक योग्यता वापत -६० (साठी) अंक,(विशिष्ट श्रेणी वापत ६०, प्रथम श्रेणी वापत ५५, द्वितीय श्रेणी वापत ५०, तृतीय श्रेणी वापत ४५)अंक प्रदान गर्ने

(ख) जि पि ए अंकको हकमा देहाय अनुसार गर्ने

| क्र स | स्तरीकृत अंक | अक्षरमा उपलब्धिस्तर | न्युनतम उपलब्धि प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ४.० | A+ | ९० | |
| २ | ३.६ | A | ८० | |
| ३ | ३.२ | B+ | ७० | |
| ४ | २.८ | B | ६० | |
| ५ | २.४ | C+ | ५० | |
| ६ | २.० | C | ४० | |
| ७ | १.६ | D | ३५ | |
| ८ | - | NG | - | |

(ख) कार्य अनुभव वापत -१० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने) ।

(ग) स्थानीय वासिन्दालाई देहाय वमोजिम -१० (दश) अंक

१. सम्वन्धित गाउँपालिका वासिन्दा भएमा -१० अंक

२. सम्वन्धित जिल्लाको वासिन्दा भएमा -५ अंक

(५)उपदफा (४) वमोजिम पूर्णाङ्क ८० लाई १०० मानी गणना गर्दा ४० प्रतिशत भन्दा माथि ल्याउने उम्मेदवारहरुलाई छोटो सूचीमा सूचीकरण गर्नुपर्नेछ ।

(६)उपदफा (५) बमोजिम छोटो सूचिमा परेका उम्मेदवारहरुको २०पूर्णाङ्कको अन्तरवार्ता परीक्षा संचालन हुनेछ ।

(७)उपदफा (६) बमोजिम भएको अन्तवार्ताको २० अंकलाई व्यक्तित्वमा ५,विषयवस्तुको ज्ञानमा ७,प्रस्तुती शैलीमा ५ र कार्यानुभवमा ३(प्रतिवर्ष १ अंकको दरले) अंक विभाजन गरीनेछ । यस अनुसारअकं प्रदानगर्दान्युनतम ४० र अधिकतम ७० प्रतिशतको सीमाभित्र रही प्रदानगर्नुपर्नेछ ।

(८) माथि उपदफा (५) र(६) उम्मेदवारले प्राप्त गरेको अकं जोडी जम्मा प्राप्ताङ्कको आधारमा उम्मेदवारको योग्यताक्रम निर्धारण गरी सफल र वैकल्पिक उम्मेदवारको नतिजा प्रकाशन गरीनेछ ।

(९) वैकल्पिक उम्मेदवारको संख्या निर्धारण गर्दा लोकसेवा आयोगको नियमानुसार हुनेछ ।



CS Scanned with CamScanner

।०) माथि उपदफा (१) बमोजिमको पद बाहेक अन्य पदहरुमा छनौट गर्दा लिखित,अन्तरवार्ता र ावश्यकता अनुसार प्रयोगात्मक परीक्षाको आधारमा गरीनेछ ।

. लिखित परीक्षा :(१) माथी दफा ४ को उपदफा(४) बमोजिम छोटो सूचीमा समावेस हुने पदहरु ाहेक अन्य पदहरुमा पदपूर्ती गर्दा लिखित परीक्षा संचालन गरीनेछ ।

(२) उपदफा(१) बमोजिम हुने लिखित परीक्षाको लागि पूर्णाङ्क १०० हुनेछ । उक्त १००पूर्णाङ्क मध्य प्रत्येक प्रश्नको अंकभार २ का दरले जम्मा ५० अंकको वस्तुगत वहुउत्तर र ५० अंकभारको विषयगत प्रश्नहरु समावेश हुनेछन ।

(३) विषयगत प्रश्नमा ५ अंकको दरले ८ वटाको ४० अंक र १० अंकको एउटा गरी जम्मा ५० अंकभार कायम हुनेछ ।

(४) लिखित परीक्षाको समय जम्मा एक घण्टा पन्ध्र मिनेटको हुनेछ । जसमा वस्तुगतको २० मिनेट र लिखितको ५५ मिनेट कायम हुनेछ । त्यसमा पहिला वस्तुगत वहुउत्तरको परीक्षा संचालन हुनेछ । त्यसको समाप्ती पश्चातमात्र विषयगत प्रश्नपत्र वितरण गरीनेछ ।

(५) लिखित परीक्षाको उतिर्णाङ्क ४० प्रतिशत हुनेछ ।

(६) बस्तुगत बहुउत्तरको कपीमा सही उत्तर छान्दा दुई ठाउमा चिन्ह लगाएको वा केरमेट गरेकोलाई मान्यता दिइनेछैन ।

(७) प्रश्नपत्र निर्माण, मोडरेसन तथा कपि जाँच सम्बन्धी व्यवस्था विश्वसनियता तथा गोपनियतालाई ध्यानमा राखी समितिको अध्यक्षले उचित व्यवस्था मिलाउनुपर्नेछ !

(८)प्रश्न पत्र निर्माण तथा कपि जाँच गर्दा सम्भव भएसम्म एक तह माथिको कर्मचारीबाट गर्ने सो सम्भव नभए ज्येष्टताका आधारमा कार्यरत कर्मचारीबाट गर्ने।

तर, कुनै प्राविधिक पदको सम्बन्धमा समितिले लिखित परिक्षाको हकमा बस्तुगत परिक्षा मात्र गराउन आवश्यक ठानेमा सो परिक्षा मात्र गराउन बाधा पर्ने छैन ।

अन्तरवार्ता परीक्षा :(१)सामान्यतया लिखित परीक्षाको नतिजा प्रकाशित भई उतिर्ण म्मेदवारहरुमात्र अन्तरवार्ता परीक्षामा सम्मिलित हुन पाउनेछन् ।

(२) अन्य दफा उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएतापनि परीक्षामा सामेल हुने उम्मेदवारको सुविधा,समयको उपलब्धता,आवश्यकता जस्ताकुराको आधारमा समितिलाई



CS Scanned with CamScanner

उचित लागेमा निर्णय गरेर लिखित परिक्षाको नतिजा प्रकाशित हुन पूर्व नै अन्तरवार्ता तथा प्रयोगात्मक परीक्षा संचालन गर्न बाधा पर्नेछैन ।

(३) अन्तरवार्ता परीक्षाको अंकभार २० हुनेछ । अन्य अंक विभाजन तथा प्रदान गर्ने व्यवस्था माथि दफा ४ को उपदफा(७)बमोजिम हुनेछ ।

७. **प्रयोगात्मक परीक्षा** :(१) प्रयोगात्मक परीक्षा आवश्यक पर्ने पदहरु: गाडी चालक,कम्प्यूटर अपरेटरतथा अन्य त्यस्तै व्यवसायिक सीप आवश्यक पर्ने पदहरुमा आवश्यकताको आधारमा प्रयोगात्मक परीक्षा संचालन गर्न सकिनेछ ।

(२) प्रयोगात्मक परीक्षाको अंकभार ३० हुनेछ यसको उतिर्णाङ्क १६ हुनेछ ।

(३)यस परीक्षाको समय ३० मिनेट हुनेछ ।प्रश्नपत्र तथा अन्य उपकरणहरु समितिले तोके बमोजिम हुनेछ ।

८. **अन्तिम नतिजा प्रकाशन शिफारिस** :(१)माथि दफा ५,६ र ७ को व्यवस्था बमोजिम सम्पूर्ण परीक्षा संचालन गरी सकेपछि सबै परीक्षाको जम्मा प्राप्ताङ्क जोडि उम्मेदवारले प्राप्त गरेको जम्मा प्राप्ताङ्कको आधारमा योग्यताक्रम अनुसार सफल र बैकल्पिक उम्मेदवारको नतिजा प्रकाशन गर्नुपर्नेछ ।

(२) बैकल्पिक उम्मेदवार छनौट गर्दा लोक सेवा आयोगको प्रावधान बमोजिम छनौट गर्नुपर्नेछ ।

(३) माथी दफा ४ को उपदफा (८) र यसै दफाको उपदफा(२) बमोजिम छनौट भएका उम्मेदवार सूची कार्यान्वयनको लागि कार्यालयमा शिफारिस गर्नुपर्नेछ ।

## परीच्छेद- ३
## पदपूर्ती समिति

९. पदपूर्ति समितिः(१) गाउँपालिकामा दफा ३ बमोजिमको सेवा वा पदमा कर्मचारी करारमा भर्ना गर्नको लागि देहायको पदपूर्ती समिति रहनेछः

(क)प्रमुख प्रशासकीय अधिकृत -संयोजक

(ख)गाउँपालिकाको विषयगत शाखा प्रमुख/ सम्वन्धित क्षेत्रको विज्ञ -सदस्य

(ग) अध्यक्षको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले तोकेको सरकारी सेवाको अधिकृत स्तरको कर्मचारी -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको शाखा प्रमुख वा अन्य कर्मचारी - सदस्य सचिव

२) पदपूर्ती समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:

(क) पदपूर्तीको लागि प्रकाशित सूचना अनुसार परीक्षाको तयारी गर्ने,

(ख) परीक्षाको हलको व्यवस्था,सिट प्लानको व्यवस्था गर्ने,

(ग) परीक्षाको लागि निश्पक्ष तथा विवाद रहीत ढंगबाट प्रश्नपत्र तयारी,मोडरेशन तथा कपी जाँचको व्यवस्था मिलाउने,

(घ) परीक्षा संचालनको लागि आवश्यक पर्ने जनशक्तीको तयारी तथा नियुक्ति गर्ने,

(ङ) कार्यविधिमा नभएका वा अस्पष्ट भएका कुराहरुलाई प्रष्ट गर्दै परीक्षाको पूर्ण तयारी गर्ने,

(च) पदहरुको प्रकृतीको आधारमा परीक्षाको किसिम तोकी सबै किसिमका परीक्षा संचालन गरी नतीजा प्रकासन गर्ने,

(छ) सफल तथा बैकल्पिक उम्मेदवारहरुको सूची कार्यान्वयनको लागि कार्यालयमा शिफारिस गर्ने,

(ज) आवश्यकता अनुसारका अन्य काम गर्ने ।

## परीच्छेद- ४
## करार सम्बन्धी

१०. करार गर्नेः (१) समितिले दफा ४ र ८ बमोजिम शिफारीसगरेका सफल उम्मेदवारलाई सात दिनको म्याद दिई करार गर्न सूचना दिनुपर्नेछ ।

(२)उपदफा(१) बमोजिमको अवधी भित्र करार सम्झौता गर्न आउने उम्मेदवारसँग कार्यालयले सो पदको अनुसूची -२ बमोजिमको कार्य-विवरण सहित अनुसूची -३ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ ।उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ ।

(३)उपदफा(२) बमोजिमकरार गरे पश्चात अनुसूची -४ बमोजिको पत्र कार्यालयले कर्मचारीलाई दिनुपर्नेछ ।

(४) उपदफा(२) बमोजिम कार्यालयले कार्यविवरण दिंदा विषयगत शाखा समेत तोकी काममा लगाउनु पर्नेछ ।

(५) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यतयाकामको प्रकृतीको आधारमा एक वर्षको लागि मात्र करार गर्नु पर्नेछ ।तर ,उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्तन भएमा वा



Scanned with CamScanner

कार्यप्रारम्भ नै नभएको अवस्थामा कार्यालयले कामको बोझर अवधी हेरी करारको अवधी घटाउन सक्नेछ।

(६) उपदफा(५) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्यक्तिलाई पुनःअर्को वर्षको लागि सेवा करारमा लिनु परेमा पुनःपरिक्षण,छनौट र शुरू करार सरह मानि सम्झौता गरिनेछ।

(७) कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा एक महिना अगाडी कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तोव्यक्तिलाईपुनःकरारमाकामगर्नेअवसरदिईनेछैन।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भएतापनि करारमा भर्ना गरीएको कर्मचारीको कार्यसम्पादन सन्षोसजनक नभएमा वा कार्यालयलाई उक्त काम आवश्यक नपर्ने भएमा वा पारिश्रमिकको लागि बजेट नआएमा वा सकिएमा कार्यालयबाट जतिसुकै बेला पनि करार सम्झौता रद्ध गर्न सकिनेछ ।

(९) यस दफा विपरितको अवधि उल्लेख गरी वा करारमा उल्लेख भए भन्दा वढी रकम भुक्तानी दिएमा त्यसरी अवधि उल्लेख गर्ने वा रकम भुक्तानी गर्ने कर्मचारीको तलव भत्ताबाट कट्टा गरी असूल उपर गरिनेछ र विभागीय कारवाही समेत गरिनेछ ।

११. कार्य शर्त, पारिश्रमिक र अवधिः(१)यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका कर्मचारीको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा ननवढ्ने गरी करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भए अनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ ।

(२) कार्यालयले कार्य-विवरणमा उल्लेख भए बमोजिम प्रगतिको स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भ्रमण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ ।

तर, करारसम्झौतामा उल्लेख नगरिएकोभ्रमण भत्ता, फिल्ड भत्ता वा अन्य भत्ता उपलब्ध गराउन सकिने छैन् ।

(३) यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनका लागि कुनै पनि दाबी गर्न पाउँने छैन ।

(४) उपदफा (१) बमोजिम करार गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ। तर त्यस्तोकरारकोअवधीएकपटकमाएकवर्षभन्दाबढीहुने छैन ।



Scanned with CamScanner

## परीच्छेद -5
## विविध

१२.बैकल्पिक उम्मेदवारलाई काममा लगाउन सकिने : (१)एक आर्थिक वर्षभित्र त्यस्तै प्रकृतीको कार्यको लागि कर्मचारी आवश्यक भएमा यस अघि समितिबाट बैकल्पिक सूचिमा समावेश गरी शिफारिस गरेका मध्यबाट कार्यालयवाट निर्णय गरी योग्यताक्रमको आधारमा क्रमशः भर्ना गरी करारमा काममा लगाउन सकिनेछ।

१३. कार्यविधिको व्याख्या तथा थप व्यवस्था गर्न सक्ने :यस कार्यविधि कार्यान्वयन क्रममा थप व्यवस्था गर्नु परेमा वा अस्पष्ट कुरालाई प्रष्ट पार्नुपरेमा कार्यपालिकावाट निर्णय गरी आवश्यक सहजीकरण गर्न सकिनेछ ।

१४. खारेजी र बचाउ :(१) सेवा करारमा कर्मचारी व्यवस्थापन कार्यविधि,२०७४ र रुन्टिगढी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि,२०७७ खारेज गरिएकोछ ।

(२) खारेज गरिएका कार्यविधि वमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।



CS Scanned with CamScanner

अनुसूची -१

(दफा ४ को उपदफा(१),सँगसम्बन्धित,

...................गाउँ कार्यपालिकाको कार्यालय

...................

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७ / / )

.........गाउँपालिकाको लागी ...............................(विषयगत शाखा) मा रहने गरी .......................................................(पद) को रुपमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेबसाइट www. ................. बाट उपलब्ध हुनेछ ।

| पद नाम | संख्या |
|---|---|
| | |
| | |

२.<u>शैक्षिक योग्यता र अनुभव (नमुना) :</u>

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता (जस्तै: नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट Civil Engineering मा स्नातक (B.E) र कुनै सम्बद्ध विषयमा विषयमा स्नातकोत्तर गरेको ।

३. अनुभवको हकमा B.E उत्तीर्ण गरी सम्बद्ध कार्यमा कम्तीमा ...... वर्षको कार्य अनुभव भएको

४. .... वर्ष उमेर पुरा भई .... वर्ष ननाघेको हुनुपर्ने ।

५. नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाणपत्र) ।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

३. दरखास्तमा संलग्न गर्नुपर्ने: उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम विभिन्न काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी

प्रमाणित गर्ने ।

.....................

प्रमुखप्रशासकीयअधिकृत

अनुसूची -२

(दफा १० को उपदफा(२)सँगसम्वन्धित)

....................गाउँ कार्यपालिकको कार्यालय

....................

कार्यविवरणकोढाँचा

**कार्य विवरणको नमुनाः**

प्राविधिक कर्मचारीको पद नामः | काम गर्नुपर्ने स्थानः

प्राविधिक कर्मचारीको नामः

सुपरिवेक्षकः | प्रतिवेदन पेश गर्नुपर्ने अधिकारीः

**कार्य विवरणः**

१.

२.

३.

४.

५.

६.

७.



Scanned with CamScanner

अनुसूची -३

(दफा १० को उपदफा (२)सँगसम्बन्धित)

...................गाउँ कार्यपालिकको कार्यालय

..............................

लुम्बिनि प्रदेश, नेपाल

## करार सम्झौता

.........गाउँकार्यपालिकाकोकार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र ..................जिल्ला, ..................नगरपालिका/गाउँपालिका, वडा नं. ..... बस्ने श्री ........................................................... (यसपछि दोश्रो पक्ष भनिएको) का बीच .....गाउँपालिका/नगरपालिकाको ...............................................(इन्जिनियर) को कामकाज गर्न गराउन मिति २०७ /......./...... को निर्णय अनुसार देहायका कार्य/शर्तको अधिनमा रहि दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा बुझि लियौं दियौं :

१.कामकाज सम्बन्धमा : दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ ।

२.कामगर्नु पर्ने स्थानः.............................................................................................।

३.करारमा काम गरे बापत पाँउने पारिश्रमिक : प्रत्येक महिना व्यतित भएपछि, पहिलो पक्षले दोश्रो पक्षलाई मासिक रुपमा रु. ..................(अक्षेरेपी रु. ........................................................................पारिश्रमिक उपलब्ध गराउनेछ ।

४.आचरणको पालनाः दोश्रो पक्षले ...गाउँपालिका/नगरपालिकाको प्रचलित कानूनमा ब्यवस्था भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ ।

५.विदाः दोस्रो पक्षलाई सार्वजनिक बिदा बाहेक अन्य कुनै पनि किसिमको विदा उपलब्ध हुने छैन । साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ । यसरी सार्वजनिक विदाको दिनमा कार्यालयमा काम लगाए बापत मासिक करार रकमको दामासाहीले रकम दोश्रो पक्षलाई दिईनेछ ।

६.कार्यालय सम्पत्तिको सुरक्षाः दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ ।



Scanned with CamScanner

७.गोप्यता: दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

८.करार अवधि: यो करार २०७... ।........।..........देखि लागु भई २०७.....असार १५ सम्मको लागि हुनेछ ।

९.कार्यसम्पादन मूल्यांकन: पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालवसाली निरन्तरता दिन उपयुक्त देखिएमा कार्यविधिको दफा ९ बमोजिम करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१०.पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्य: दोश्रो पक्षले पहिलो पक्षलाई लगातार७(सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वत: यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बरावर उल्लघंन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

११.दावी नपुग्ने: दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनाका लागि दावी गर्न पाँउने छैन/गर्ने छैन ।

१२.प्रचलित कानून लागू हुने: यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

<u>गाउँपालिकाको तर्फबाटदोस्रो पक्ष (करार गर्ने व्यक्ति):</u>

| | |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | ठेगाना : |
| कार्यालयको छाप: | |

अनुसूची - ४

(दफा १० को उपदफा (२)सँगसम्बन्धित)

....................गाउँ कार्यपालिकको कार्यालय

..............................

लुम्बिनि प्रदेश, नेपाल

च.नं. मितिः

प.सं.

श्री ........................................

ठेगाना .......................

विषयः करार सम्बन्धमा ।

तपाईलाई मिति २०७...।....।... निर्णयानुसार सूचिकरण गरिए बमोजिम ..........................(पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०७....।....।... देखि २०७....।.....।.... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ ।

साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस गाउँपालिका/नगरपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परिपालना हुन जानकारी गराइन्छ ।

.....................

प्रमुखप्रशासकीयअधिकृत

बोधार्थः

श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर/Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रूपमा उपलब्ध गराउनुहुन ।

श्री प्रशासन शाखाः हाजिरीको व्यवस्था हुन ।

श्री वडा कार्यालय..............................